**"सँस्कृति, पर्यटन ,कृषि र पुर्वाधार !**
**समावेशी सुनकोशी, समृद्धिको आधार"**

**आ.व.०८१/०८२ को वजेट वक्तव्य**

सभा अध्यक्षज्यू,
गाउँसभाका सदस्यज्यूहरु,

नेपालको संविधान २०७२ ले गरेको ब्यवस्था बमोजिम सुनकोशी गाउँपालिकाका **पन्ध्रौं** गाउँसभाको लागि आफ्नो बजेट आफै बनाउन र घोषणा गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ । नेपालको लोकतान्त्रीक आन्दोलन, जनयुद्ध,आदिवासी जनजाती आन्दोलन,लगायतका आन्दोलन हरुमा सहादत प्राप्त गर्ने विर शहिदहरु प्रति हार्दिक श्रदाञ्जली र सम्मान व्यक्त गर्दछु ।

१. उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजकको हैसियतले यस सम्मानित गाउँसभामा आगामी आर्थिक वर्ष २०८१/०८२ को वार्षिक बजेट प्रस्तुत गर्न उपस्थित भएको छु।

२. नेपालको वर्तमान संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु, संघ र प्रदेश सरकारका नीति तथा कार्यक्रम, चालु आवधिक योजना, दीगो विकासका लक्ष्य, संघीय, प्रादेशिक तथा स्थानीय ऐन, कानून र कार्यविधिहरुबाट निर्देशित हुँदै यसै सम्मानित गाउँ सभाबाट स्वीकृत स्थानीय सरकारको आ.व ०८१/०८२ को नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने गरी बजेट तर्जुमा गरेको छु ।

३.यो बजेट सुनकोशी बासीको तीव्र विकासको उत्कट चाहनालाई आत्मसाथ गरी सबै क्षेत्रको समतामुलक विकासलाई दृष्टिगत गर्दै तयार पारिएको छ । सुनकोशीगाउँपालिकाले स्थापित गरेको गरिमालाई थप उचाँइमा पुऱ्याउने गरी ल्याइएको यस बजेटले गाउँपालिका भित्रका बहुआयामिक पक्षहरुलाई सम्बोधन गर्ने प्रयत्न गरेको छ।

यस बजेटमास्थानीय सरकारको क्षेत्राधिकार भित्रका कर तथा गैरकर, राजश्व परिचालन र व्यवस्थापनलाई प्राथमिकतामा राखिएको छ । निर्धारित समयमै विकास आयोजनाको नतिजामूलक कार्यान्वयन गर्नको लागि संचालित महत्वपूर्ण योजनाहरुलाई आगामी आ.व.मा सम्पन्न गर्ने गरी प्राथमिकताका साथ बजेटको व्यवस्था गरेको छु ।

४. बजेट मार्फत रोजगारी सिर्जना गर्ने, अनुत्पादक तथा अनावश्यक खर्च घटाउने, चालु खर्चमा मितव्ययिता ल्याउने गरी बजेट प्रस्ताव गरेको छु । यसैगरी स्थानीय प्राकृतिक स्रोतको उपयोग मार्फत उद्धमशिलता विकास, महिला सशक्तिकरण र आत्मनिर्भर बनाउने,महिला लक्षित अन्तर्गत एकल महिला जिविकोपार्जनमा टेवा पुऱ्याउने, पालिका भित्रका आमा समूह सञ्जाललाई थप

सशक्तिकरणको योजना तथा कार्यक्रम प्राथमिकीकरण सहित स्रोतको सुनिश्चितता गरी बजेटलाई बढी बस्तुपरक र कार्यान्वयनयोग्य बनाईएको छ ।

५. यस बजेटको सबल कार्यान्वयनले गाउँपालिकाको आर्थिक, सामाजिक, पूर्वाधार क्षेत्र, वातावरण तथा विपद व्यवस्थापन, सुशासन, सेवा प्रवाह, स्थानीय न्याय निरुपण र सांस्कृतिक तथा मानव विकासमा थप टेवा पुग्ने अपेक्षा लिएको छु ।

**गाउँ सभाका अध्यक्ष्य ज्यू**
**तथा सभाका सदस्यज्यूहरु,**

अब म बजेट निर्माणका कानुनी आधारहरु प्रस्ट पार्न चाहन्छु ।

- नेपालको सँविधानको धारा २२९ मा गाउँपालिकाको सँचित कोष र सोकोषबाट धारा २३० अनुसार गाउँपालिकाको राजस्व र व्ययको अनुमान गाउँ सभामा पेश गर्ने सँवैधानिक प्रावधान रहेको ।
- स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद ६ मा गाउँपालिकामा योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी प्रावधान गरेको ।

**गाउँ सभाका अध्यक्ष्य ज्यू**
**तथा सभाका सदस्यज्यूहरु,**

यस पृष्ठ भूमिमा अव म आर्थिक वर्ष ०८१/०८२ को वजेटको उद्देश्यहरु निम्न अनुसार रहेको व्यहोरा निवेदन गर्न चाहन्छु ।

- कृषि क्षेत्रमा व्यवसायीकरण र आधुनिकीकरण गरी उत्पादन र उत्पादकत्व बृद्धि गर्ने ।
- आर्थिक बृद्धिलाई उच्च दरमा उकाल्दै गाउँबासिको जीवनस्तरमा देख्न सकिने र अनुभूति गर्न सकिने सुधार ल्याउन मानवीय पूँजी विकास र उत्पादन सहयोगी भौतिक पूर्वाधारको विकास गर्दै संमग्र आर्थिक क्षेत्रलाई चलायमान बनाउने तथा दिगो आर्थिक विकास गर्ने ।
- पर्यटनमैत्री पूर्वाधार विकास गरी पर्यटन उद्योगलाई विस्तार गर्ने एवं लगानी, रोजगारी तथा अन्य आय आर्जनको आकर्षक गन्तव्यको रुपमा पर्यटनलाई प्रवर्द्धन गर्ने ।
- आधारभूत पूर्वाधारको निर्माण र विकास गरी गाउँ सरकार र आधारभूत सेवामा नागरिकको पहुँच अभिबृद्धि गर्ने ।
- स्वास्थ्य र शिक्षामा गुणस्तरीय सुधार गर्ने ।
- गणुस्तरीय र भरपर्दो खानेपानीको सुविधाको विस्तार गर्दै एक घर एक धारोको व्यवस्था गर्ने ।
- वातावरण सन्तुलन तथा विपद् व्यवस्थापनलाई अन्तर आवद्धताको विषयकोरुपमा विकास गर्ने ।
- समावेशी र सन्तुलित विकासलाई प्रवर्द्धन गर्ने ।
- लैङगिक मैत्रि समावेशी विकासमा जोड दिने ।

**गाउँ सभाका अध्यक्ष्य ज्यू**

**तथा सभाका  सदस्यज्यूहरु,**

अव म आ.व. ०८१/०८२ को वजेटका विशेषताका वारेमा प्रकाश पार्न चाहन्छु ।**स्वस्थ, स्वच्छ, सुसंस्कृत, सुशासित, समृद्ध**सुनकोशी गाउँपालिका बनाउने गाउँपालिकाको  सोचलाई सार्थक बनाउन मैले वजेटका निम्न विशेषताहरु तय गरको छु ।

- गाउँपालिकामा रहेको मानव स्रोतलाई स्वास्थ्य शिक्षाको माध्यमबाट अनुशासित, योग्य र मेहनेती बनाउदै असल मानव पूँजीमा रुपमान्तरण गर्ने,
- हाम्रो गाउँपालिका नेपालका स्थानीय तहहरु मध्ये विविधताले भरपुर गाउँपालिका हो । यस पृष्ठ भूमिमागाउँमा विद्यमान प्राकृतिक, साँस्कृतिक मानवीय आध्यात्मिक र भौतिक संभावनाहरुलाई संमृद्धिमा सदुपयोग गर्न र गाउँलाई लगानी कर्ताको पहिलो रोजाईमा पार्न गाउँपालिकाभर सडक संजाल, सौर्य उर्जा, विद्युत सुविधा र संचार सेवाको उपलब्धता एवं खेतियोग्य जमिनको उपलब्धताका आधारमा सिंचाई विस्तार गर्ने ।
- आफ्नो गाउँ आफै बनाउ भन्ने भावानलाई सार्थक बनाउन गाउँबासीको ज्ञान, सीप,क्षमता र केही गरौ भन्ने भावनालाई गाउँमै सदुपयोग गर्न तथा नीजिक्षेत्रका लगानी कर्तालाई गाउँपालिकाक्षेत्रमा आकर्षिक गर्न सो अनुसारको कार्यक्रम तय गर्ने,
- विकासका सबै आयाम, स्वरुप र संरचनामा संबोधन गर्ने गरी पहिचान भएका लैंगिक समानता तथा सामाजिक समावेशीकरण, वालमैत्री, वातावरणमैत्री, विपद् जोखिम न्यूनिकरण, दिगो विकास लक्ष्य, आन्तरिकीकरण लगायतका अन्तर आवद्धताका विषयहरुलाई सम्बोधन गर्ने,
- कर्मचारी वर्गमा उत्साहका साथ काम गरौं, मुस्कान सहितको सेवा गरौं भन्ने संस्कारको विकास गर्ने ।तथा कर्मचारीको मनोवल उच्च पार्न आवश्यक प्रोतसाहन सहीत देश दर्शनको व्यवस्थामिलाईने छ ।

अब म(सामाजिक सुरक्षा बाहेक) आ व २०७९/०८० को यथार्थ आय र व्यय तथा आव २०८०/०८१ को संशोधित आयव्यय को अनुमान पेश गर्न चाहन्छु । आ व २०७९/०८० को यथार्थ आय तथा आय तर्फ  ४७ करोड ४६ लाख ९६ हजार ९ सय रुपैया  र व्यय ४२ करोड ३१ लाख ६३ हजार रुपैया थियो। आ.व. ०८०/८१ को संशोधित आय अनुमान ४९  करोडल ३१ लाख १७ हजार ३ सय रुपैया  र ०८०/८१ को खर्च ४९  करोड को हाराहारि मै हुने संशोधित अनुमान गरेको छु । साथै सामाजिक सुरक्षा भत्ता तर्फ चालु आव मा रु १० करोड  ६० लाख हाराहारिमा खर्च हुने अनुमान गरेको छु ।

सभा अध्यक्षज्यू,

अव म, आर्थिक वर्ष २०८१।०८२ को वजेटर कार्यक्रम संक्षिप्तरुपमा प्रस्तुत गर्न चाहन्छु । यसको विस्तृत विवरण संलग्न विनियोजन विधेयकमा  समावेश गरेकी छु ।

स्रोतगत आम्दानी र खर्चको विरण

| आम्दानीको स्रोत | कुल अनुमानित आम्दानी | कैफियत |
|---|---|---|
| समानिकरण सँघ | 82700000 | ८ करोड २७ |
| राजस्ववांडफांड सँघ | ८,७१,00000 | ८ करोड ७१ लाख |
| प्रदेश समानिकरण | ४८६९००० | ४८ लाख ६९ हजार |
| राजस्ववाँडफाँड प्रदेश | 31,00000 | ३१ लाख |
| आन्तरीक श्रोत | 35,00,000 | ३५ लाख |
| शसर्त अनुदान सँघ | २२,०३,१३,००० | २२ करोड ३ लाख १३ हजार |
| विशेष अनुदान सँघ | १३५००००० | १ करोड ३५ लाख |
| प्रदेश सरकार समपुरक अनुदान | 1,00,00,000 | १ करोड |
| सँघीय सरकार समपुरक | ७५,00,000 | ७५ लाख |
| प्रदेश सरकार ससर्त प्रदेश १ | १,३६,८३,००० | १ करोड ३६ लाख ८३ हजार |
| सामाजिक सुरक्षा भत्ता | १२००००००० | १२ करोड |
| कुल अनुमानित बजेट | ५६६१६५००० | ५६ करोड ६१ लाख६५ हजार |

अनुमानित खर्चको विवरण

| आम्दानीको स्रोत | कुल अनुमानित खर्च | कैफियत |
|---|---|---|
| कार्यालय संचालन गाउँपलिका<br>कार्यालय संचालन वडा | ८,३४,२४,०००।- | ८ करोड ३४ लाख २४ हजार |
| विगतका कार्यक्रमलाई निरन्तरता | २,६२,००,०००।- | २ करोड ६२ लाख |
| सुशासन तथा संस्थागत क्षेत्र | 12000000 | १ करोड २० हजार |
| साझेदारी कोष | 53000000 | ५ करोड ३० लाख |
| शाखागत कार्यक्रम | ६६६६००० | ६६ लाख र ६६ |
| वडा गत कार्यक्रम | २००००००० | २ करोड |
| गाउँपालिका स्तरीय कार्यक्रम | २००००००० | २ करोड |
| शसर्त अनुदान सँघ | २२,०३,१३,००० | २२ करोड ३ |

| | | |
|---|---|---|
| | | लाख १३ हजार |
| विशेष अनुदान सँघ | १३५००००० | १लाख३५ हजार |
| प्रदेश सरकार समपुरक अनुदान | 10000000 | १ करोड |
| सँघीय सरकार समपुरक | ७५००००० | ७५ लाख |
| प्रदेश सरकार ससर्त प्रदेश १ | १३६८३००० | १ करोड ३६लाख ८३ हजार |
| सामाजिक सुरक्षा भत्ता | १२०००००००० | १२ करोड |

कुल अनुमानित खर्च -५६६१६५०० अक्षेरुपी ५६ करोड ६१ लाख ६५ हजार रुपैया

**गाउँ सभाका अध्यक्ष्य ज्यू**
**तथा सभाका सदस्यज्यूहरु,**

कूल बजेटबाटसघीय सरकारबाट हस्तान्तरीत शसर्त अनुदान, प्रदेश सरकारबाट हस्तान्तरीत शसर्त अनुदान, सामाजिक सुरक्षा तथा केन्द्र सरकार र प्रदेश सरकारकोसमपुरक अनुदान बापतको रकम घटाउदा सघीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, राजश्व बाडफाँड र त्यसैगरी प्रदेश सरकारबाट प्राप्त हुने अनुमानित राजस्व बाँडफाडको रकम तथा गाउँपालिकाको आन्तरीक श्रोत समेत जोड्दा कायम हुन आउने रकम रु.१८ करोड ११ लाख ६९ हजारमध्ये चालु खच बापत करिब ४६ प्रतिशत विनियोजन गरेकी छु । जसबाट शाखागत बजेट जन्म मृत्यु सँस्कार सम्मान तथा पुस्कार र सोही रकम बाट प्रत्येक वडा सञ्चालनका लागि प्रति वडा रु ५ लाख तथा भाडामा रहेका वडाहरुलाइ आवश्यक घर भाडाको व्यवस्था गरेकी छु ।र बाँकी करीब ५४ प्रतिशतरुपैयाँ विकास खर्च बापत बिनियोजन गरेको छु । यो विकास खर्चलाई पनि क्षेत्रगत आधारमा आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा बिपद् व्यवस्थापन, संस्थागत विकास तथा सुशासनतथा वडा गत योजना तर्फ गरी छ क्षेत्रमा विभाजन गरी बिनियोजनको व्यवस्था मिलाएको छु । अब म विभिन्न क्षेत्रगत शीर्षक अनुसारको बजेट प्रस्तुत गर्न चाहन्छु ।

**आर्थिक विकास :**

यस शीर्षक अन्तर्गत कृषि, उद्योग तथा वाणिज्य, प्राचिन, ऐतिहासिक, पुरातात्विकधरोहर संरक्षण र विकास, पर्यटन, सहकारी र बित्तीय क्षेत्र पर्दछन् । जसका लागि यस आर्थिक वर्षमा गाउँपालिका कृषि प्रविधि , पशु बीमा साना सिचाई आयोजना , मुहान सँरक्षण, पशु स्वास्थ्य ,दुग्ध उद्योग सञ्चालन, विउ बैंक, व्यवसायीक कृषि तथा औधोगिक क्षेत्रको प्रबर्धन, एक वडा एक कृषि सहकारी निर्माण,मुलखर्क एग्रो फरेष्ट्री, पशु रोग निधान एबं अन्य कार्यक्रम, बीउ बिजन तथा किटनाशक औषधि खरिद, विभिन्न पर्यटकीय स्थानमा महोत्सब, लगायतका कार्यक्रम सञ्चालनको लागि सशर्त समेत एकमुस्ट रु.६ करोड ५० बिनियोजन गरेको छु ।

**सामाजिक विकास :**

यस शीर्षक अन्तर्गत शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, साहित्य, कला संरक्षण, कार्यक्रम, एकल महिला, जेष्ठ नागरिक, बालबालिका, दलित तथा अपाङ्गता भएका व्यक्तिहरुलाई सहजिकरण, संस्कृति प्रबर्द्धन, खेलकूद तथा मनोरञ्जन र लैंगिक समानता तथा सामाजिक

समाबेसीकरण, एकद्वार संकट व्यवस्थापन, स्वास्थ्य संस्थाबाट उत्पादित फोहोरमैला व्यवस्थापन, उत्कृष्ट स्वास्थ्य छनौट, संस्थाहरुको स्तरबृद्धि, पोषण व्यवस्थापन, सर्ने तथा नसर्ने रोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम,स्थानीय स्तरमा पाईने जडिबुटीको अधिकतम उपयोग, महिला विकास कार्यक्रम लगायतका क्षेत्रहरु पर्दछन् । यी कार्यक्रमहरुकालागि शसर्त बाहेक **विशेष अनुदान सहित** एकमुष्ठ रुपमा रु.३ करोड २० लाख बिनियोजन गरेको छु ।

**पूर्वाधार विकास :**

यस क्षेत्र अन्तर्गत स्थानीय सडक तथा पुल, सिंचाई, भवन तथा शहरी विकास, उर्जा, सञ्चार,निर्माणधीन सडकको स्तरोन्नती, दिगो उर्जा र पानीको मुहान संरक्षण लगायतका विषयहरु समेटिएका छन् । यस आ.ब.मापूर्वाधार विकास अन्तर्गत माथि उल्लेखित लगायत सबै कार्यक्रमहरुमा शसर्त बाहेक एकमुस्ट रु.८ करोड ५० लाख बिनियोजन गरेको छु ।

**वातावरण तथा विपद् ब्यवस्थापन :**

यस अन्तर्गत बन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, फोहोरमैला ब्यवस्थापन, बिपद् ब्यवस्थापन,एम्वुलेन्स तथा विपद व्ययवस्थापन/क्वारेन टाईन निर्माण लगायतका क्षेत्रहरु पर्दछन् । यी सबै क्षेत्रहरुको लागि सञ्चालन हुने बिभिन्न कार्यक्रमहरुमा एकमुस्ट रु ३० लाखबिनियोजन गरेको छु ।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन :**

यस अन्तर्गत सामान्य सेवा, सुरक्षा ब्यवस्थापन, सूचना प्रविधि, पञ्जिकरण ब्यवस्थापन, स्थानीय तथ्याङ्कसङ्कलन र अभिलेख ब्यवस्थापन, सुशासन प्रबर्द्धन, अनुसन्धान तथा विकास लगायतका क्षेत्रहरु पर्दछन् । यी र यस प्रकारका सञ्चालन हुने बिभिन्न कार्यक्रमहरुका लागिशसत सहित एकमुस्ट रु.१ करो २० लाख बिनियोजन गरेको छु ।

## वडा गत अत्यावश्क विकास

प्रत्येक वडा लाइ रु २० लाखका दरले जम्मा २ करोडरुपैया वडाका अत्यावश्य विकास **तथा जनताका न्यूनतम आवश्यक** योजनाहरुलाइ प्राथमिकताका आधारमा विनियोजन गरेकी छु **|साथै संचालनमा सहजहोस भनी वडागत चालु खर्च लाई गत आ.ब.कै निरन्तरता दिइएकी छु |**

**गाउँसभाका अध्यक्ष्य ज्यू**
**तथा सभाका सदस्यज्यूहरु,**

अब म अन्य विविध क्षेत्रहरुमा विनियोजित वजेट विवरण प्रस्तुत गर्न चाहन्छु ।

साविकमा सञ्चालन भई आएका नियमानुसार दायित्व सिर्जना भएका तथा निरन्तरता दिन आवश्यक देखिएका कार्यक्रमहरुलाई निरन्तरता दिइएको छु ।

महिला, बालबालिका, आदिबासी जनजाति, दलित, अल्पसंख्यक वा पिछडिएको वर्ग, क्षेत्र लगायतका महिलाहरुको बृत्ति विकासका लागि व्यक्तित्व प्रशिक्षण, सीप विकास तथा संस्थागत कार्यक्रमहरु अगाडि बढाउनुका साथै लैंगिक हिंसा न्यूनिकरण गर्न सचेतनामूलक कार्यक्रम, महिला लक्षित वर्गको उत्थान, विकास तथा मूल प्रवाहीकरणका लागि शिक्षा, सचेतना, जागरण र जनतामा चेतना फैलाउने प्रवर्द्धनात्मक प्रबृत्तिका कार्यक्रमहरुका लागि आवश्यक बजेटछुट्याएको छु ।

स्वच्छ, सुखी, सम्मुनत गाउँपालिका बनाउनको लागि ठूलो लगानी आवश्यक पर्दछ । यसका लागि सघीय सरकार र प्रदेश सरकार सँग आवश्यक समन्वय गरि समपुरक अनुदान मार्फत योजना सञ्चालन गर्नको लागि समपुरक कोषको लागि रु १ करोड ५० लाख बजेट विनियोजन गरेको छु ।

यसगाउँपालिकाको लागि आवश्यक सुविधा सम्पन्न नयाँ प्रशासनिक भवनको निर्माण गरी सघीयसरकारको लागत सहभागितामा निर्माण कार्य अगाडि बढाउन आबश्यक बजेट विनियोजनगरेको छु ।

गुणस्तरीय शिक्षा अभिबृद्धि गर्ने अभियान अन्तर्गत  गाउँपालिका क्षेत्र भित्र संचालन भएका विद्यालयहरुका निजी स्रोतको शिक्षक तलब भत्ताव्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिइएकी छु ।

यस गाउँपालिकामा रहेका महिला स्वास्थ्य स्वयम्सेविकाहरु लाई उपलब्ध गराईएको प्रोत्साहन भत्ता कार्यक्रमलाई निरन्तरता दिइएको छु ।

विकासको साध्य र साधन नागरिक नै भएकोले सबै नागरिकलाई स्वस्थ सवल मानव पूँजि निर्माण गर्नका लागि स्वास्थ्य महत्वपूर्ण क्षेत्र हो । स्वास्थ सेवालाई प्रभावकारी नियमित र जनताको घरदैलोमा स्वास्थ्य सेवा पुर्याउने उद्येश्यले खोप केन्द्र नभएका वडामा खोप केन्द्र भवन निर्माणका लागि आवश्यक पहल गर्ने छु ।

स्वरोजगारका अवसर सिर्जना गरी युवालाई आत्मनिर्भर बनाउन एवम् बैदेशिक रोजगारीबाट स्वदेश फर्किएका युवाहरुको ज्ञान, शिप, दक्षता र पूँजीलाई प्रभावकारी रुपमा उपयोग गरी उद्यमशिलताको विकास मार्फत थप रोजगारी सिर्जना गरी समृद्ध गाउँपालिका बनाउनको लागि आवश्यक व्यवस्था मिलाएको छु ।

गाउँपालिका क्षेत्रमा दुग्ध जन्य उपभोगलाई अभाव हुन नदिन तथा गाउघरका किसानको दुधलाई बजारिकरण गर्नको लागि निजी र सहकारी क्षेत्र सगँको साझेदारीमा दुग्ध व्यवसाय प्रवर्द्धनको लागि प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने गरी आवश्यक पहल गरीने छ ।

सूचना तथा सञ्चार क्षेत्रको विकास एवं प्रोत्साहनको लागि आवश्यक वजेटको व्यवस्था मिलाएको छु ।

लैंगिकमैत्री गाउँ बनाउनको लागिलैगिक हिंसा सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने गरी आवश्यक बजेटको व्यवस्था गरेकी छु ।

यो गाउँपालिका बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक विशेषतायुक्त ठाउँ हो गाउँपालिकाका सम्पूर्ण जाति, भाषा, साहित्य र सस्कृतिको विकास तथा उत्थानको लागि आवश्यक कार्यक्रम सहित व्यवस्था मिलाएको छु ।

गाउँपालिकाको खाद्यान्नमा वृद्धि गरी अन्य ठाउँको मागलाई समेत आपूर्ति गर्न सक्ने गरी कृषिका उत्पादन बृद्धिका कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

सम्पति कर व्यबस्थापन गर्ने कार्यको लागिवडास्तरमा कर र यसको सदुपयोगमा गाउँवासीको भूमिकासम्बन्धी कर शिक्षा कार्यक्रम र स्थानीय तहबाट न्यायिक सम्पादन कार्यको लागि तथा मेलमिलापकर्ता समिति गठन गरी तालिम समेत दिई व्यवस्थितरुपमा काम अगाडि बडाउन तालिम तथा अध्ययन भ्रमणको लागि उचित रकम बिनियोजन गरेकी छु।

नेपाल सरकारले लिएका राष्ट्रिय लक्ष्यहरु तथा अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धता र सो बाट सिर्जित दायित्वलाई समेत प्राथमिकता दिइएकी छु । निर्माणधीन पूर्वाधारहरको निर्माण सम्पन्न समयमै सम्पन्न गर्ने गरी सो अनुसारको ब्यवस्था मिलाएकी छु ।गाउँपालिकाभित्रका स्वास्थ्य सँस्था र वडा कार्यालय मा आफनै भवन बाट सेवा प्रवाहको व्यवस्था मिलाईने छ।

कतिपय कार्यक्रम आयोजनाहरुमा देखिने दोहोरोपन घटाउन गाउँपालिका क्षेत्रभित्र हुने जुनसुकै कार्यक्रमहरु गाउँपालिका मातहतबाट नै सञ्चालन हुने ब्यवस्था मिलाएकी छु । बजेट कार्यक्रमले नसमेटेका तथा समेट्न नसकिएका अन्य कार्यक्रमहरुलाई आगामी दिनहरुमा जनसंख्या, भूगोल लगायत अन्य वर्ण, लिङ्ग, क्षेत्र, समुदायहरु समेतलाई मध्यनजर गर्दै समतामूलक ढङ्गले विकासमा बिनियोजन गर्दै लगिने नीति तय गरिने कुरा पनि स्मरण गराउन चाहान्छु ।यसै गरी गाउँ गौरबका आयोजना एवं ठूला आयोजनाहरुको लागि प्रदेश र संघीय सरकार सँग आवश्यक रकमको व्यवस्थाको लागि अनुरोध गर्ने गरी व्यवस्था मिलाएकी छु ।साथै गाउँपालिकामा साना योजना भन्दा ठूला योजनाले प्राथमिकता पाओस भन्ने तर्फ विशेष ध्यान दिइएको छु।

**गाउँ सभाका अध्यक्ष्य ज्यू**
**तथा सभाका सदस्यज्यूहरु,**

यो बजेट तयार गर्ने क्रममा टोल भेला देखि गाउँ कार्यपालिकाको बैठकसम्मका वजेट तर्जुमाका चरणमा प्रत्यक्ष अप्रत्यक्षरुपमा सुझाव सल्लाह सहित सहयोग पुऱ्याउनु हुने संलग्न सबैमा आभार व्यक्त गर्न चाहन्छु । त्यसै गरी यस कार्यमा प्रत्यक्ष संलग्न हुनु हुने जनप्रतिनिधि एवं कर्मचारी वर्गहरुमा धेरै धन्यवाद् दिन चाहन्छु । त्यसै गरी आमगाउँबासी, निजीक्षेत्र, विकास साझेदार, नागरिक समाज प्रति पनि धन्यवाद् दिन चाहन्छु । वजेट तर्जुमा एउटा पाटो हो भने यसको सफल कार्यान्वयन अर्को महत्वपूर्ण पाटो हो । तर्जुमा गरिएको वजेट सही कार्यान्वय भएमा मात्र यसले सार्थकता पाउँछ । त्यसैले वजेटको सफल कार्यान्वयनको लागि सम्पूर्ण सरोकारवालाको सहयोगको पूर्ण अपेक्षा गरेकी छु । सुनकोशी गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुऱ्याउनु हुने आम नागरिकहरु, कर दाताहरु, निजी क्षेत्र, विकास साझेदारहरु, सरकारी तथा गैरसरकारी संघ संस्था,सामुदायिक संस्थाहरु, नागरिक समाज एवं सञ्चार जगत लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक आभार ब्यक्त गर्दछु।

**अनत्यमा,**

अब म आगामि आर्थिक वर्षको लागि तल उल्लेखित विधेयक छलफलका लागि सभामा पेश गर्दछु।

१) विनियोजन विधेयक २०८१,

२) अर्थ सम्बन्धी विधेयक २०८१,

**धन्यवाद् ।**

सुनिता अधिकारी
उपाध्यक्ष
मिति : २०८१ आषाढ १०
सुनकोशी गाउँपालिका,ओखलढुंगा